पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.पा) लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba. Su. Pa.),Lumbini Province, Nepal

पत्र संख्या:-/ Ref No. ०८१/८२
चलानी नं.:-/ Dispatch No 960

मिति: २०८१/०५/१७

श्री सरोकारवालाहरु सबै,

**वैदेशिक रोजगार सन्तती छात्रवृत्तीका लागि निवेदन दिने बारे सूचना।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८१/०४/३१ गतेको सूचना बमोजिम १८ बर्ष मुनिका सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयमा अध्ययनरत प्रारम्भिक बाल विकास, नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म अध्ययनरत बालबालिकाहरु छात्रवृत्ति प्रदान गर्ने योग्यता पुगेका विद्यार्थीहरु तपसिल अनुसारका कागजात सहित आफू अध्ययनरत शैक्षिक संस्थामा अनुसूची-१ बमोजिमको ढाँचामा फारम भरी २०८१ असोज मसान्त सम्म निवेदन दिई तथा सम्बन्धित शैक्षिक संस्थाको अनुसूची-२ बमोजिमको ढाँचाको सिफारिस सहित यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा रोजगार सेवा केन्दमा निवेदन दिनुहुन सम्बन्धित सबै सरोकारवालहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- निवेदकको संरक्षकको नाग़रिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि। (चेक बुकको प्रतिलिपि)
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित विद्यालयको सिफारिस। (अनुसूची-२ बमोजिमको ढाँचामा हुनु पर्नेछ।)

**साविकमा प्राप्त गरिरहेका बालबालिकाको हकमा आवश्यक कागजातहरु:**

- विद्यार्थीको निवेदन।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र। (अनुसूची-२ बमोजिम)
- कामदारको राहदानीको प्रतिलिपि।

**छात्रवृत्ति रकमको सीमा:**

बार्षिक रुपमा आधारभूत तहका लागि रु १२०००।–(बाह्र हजार मात्र) र माध्यमिक तहका लागि रु १६०००।– (सोर्ह हजार मात्र ) प्रदान गरिने छ। एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ।



प्रमोद यादव
शिक्षा अधिकृत

अनुसूची-१
(कार्यविधिको दफा ७ (१) संग सम्वन्धित)
**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ................

श्री प्रधानाध्यापकज्यू
.........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको .........................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,
(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,
(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>
नाम थर :
ठेगाना :
सम्पर्क नं. :
कक्षा :
रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

...................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव